# आकाशवाणी

## प्रमुख समाचार

- राष्ट्रपति भोलि ओडिशाको एकदिने भ्रमणमा रहनुहुने
- उपराष्ट्रपति सी.पी. राधाकृष्णनको श्रीलंकाको दुईदिने भ्रमण आज सम्पन्न
- आज नयाँ दिल्लीमा भारतीय प्रधानमन्त्री र दक्षिण कोरियाली राष्ट्रपतिबीच भेटवार्ता
- वाणिज्य तथा उद्योग मन्त्रीद्वारा भारत-कोरिया व्यापार मञ्चको उद्घाटन सत्रलाई सम्बोधन
- पश्चिम बंगाल विधानसभा चुनावको पहिलो चरणको प्रचार अभियान समाप्त हुन दुई दिन बाँकी, निर्वाचन आयोगद्वारा द्रुत प्रतिक्रिया टोलीहरू तैनाथ गर्ने घोषणा

Prez-Odissa

राष्ट्रपति द्रौपदी मुर्मु भोलि ओडिशाको एकदिने भ्रमणमा रहनुहुनेछ। भ्रमणका क्रममा उहाँले राउरकेलामा सार्वजनिक समारोहमा तारामण्डल तथा विज्ञान केन्द्र र निर्मल मुण्डा परिवेश पथको उद्घाटन गर्नुहुनेछ। उहाँले आदिवासी संग्रहालय र एकीकृत कमाण्ड तथा नियन्त्रण केन्द्रको पनि उद्घाटन गर्नुहुनेछ।

Prez-Railway

साथै, राष्ट्रपति श्रीमती मुर्मुले आज राष्ट्रपति भवनमा भारतीय रेलवेका परिवीक्षाधीन अधिकारीहरू र केन्द्रीय इन्जिनियरिङ सेवा सडकका सहायक कार्यकारी इन्जिनियरहरूसँग अन्तरक्रिया गर्दै, पूर्वाधार नै आधुनिक राष्ट्र निर्माणको जग हो भन्नुभयो। उहाँले बलियो पूर्वाधारले लजिस्टिक लागत घटाउने, व्यापारलाई बलियो बनाउने, लगानीलाई आकर्षित गर्ने र उत्पादकता बढाउने कुरामा जोर दिनुभयो। रेलवे र राजमार्गका सन्दर्भमा राष्ट्रपतिले यातायातका यी माध्यमहरूले देशका दुर्गम क्षेत्रहरूमा सामाजिक-आर्थिक विकासका लागि अपार सम्भावनाहरू खोल्ने बताउँदै, यी यातायातका माध्यम मात्र नभई, आर्थिक विस्तार, सामाजिक समावेशीकरण र राष्ट्रिय एकताका साधन पनि हुन् भन्नुभयो।

VP-Sri Lanka

उपराष्ट्रपति सी.पी. राधाकृष्णनको श्रीलंकाको दुईदिने भ्रमण आज सम्पन्न भयो। भ्रमणका क्रममा पारस्परिक सम्बन्ध र विकास सहयोगलाई निरन्तर सुदृढ पार्न जोर दिइएको छ। यसअघि उपराष्ट्रपतिले श्रीलंकाको नुवारा एलियामा भारतीय आवास परियोजना अन्तर्गत निर्माण गरिएका घरहरूको भ्रमण गरी लाभार्थीहरूसँग अन्तरक्रिया गर्नुभयो। उहाँले भारतीय मूलका तमिल समुदायको कल्याणप्रति देशको प्रतिबद्धतालाई पुन: पुष्टि गर्नुभयो। उहाँले दुई देशबीचको सांस्कृतिक सम्बन्धको प्रतीक सीता अम्मौन मन्दिर र हनुमान कोविलको पनि भ्रमण गर्नुभयो। हिजो, उहाँले श्रीलंकाका राष्ट्रपति अनुरा कुमार दिसानायके र प्रधानमन्त्री हरिनी अमरासुरियासँग विभिन्न विषयमा वार्ता गर्नुभयो।

PM-Korea

आज नयाँ दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदी र दक्षिण कोरियाली राष्ट्रपति ली जे-म्युङबीचको भेटवार्ता भयो। भेटका क्रममा, भारत र दक्षिण कोरियाले खेलकुद, सांस्कृतिक र रचनात्मक उद्योग, साना तथा मध्यम उद्यम र औद्योगिक सहयोग समितिको स्थापना लगायत चार सम्झौतामा हस्ताक्षर गरेका छन्। दुवै पक्षले बृहत् आर्थिक साझेदारी सम्झौतामा वार्ता पुनः सुरु गर्ने र भारत-कोरिया डिजिटल ब्रिज फ्रेमवर्कको स्तरोन्नति गर्ने संयुक्त घोषणापत्र पनि आदानप्रदान गरे। प्रेस विज्ञप्तिमा, श्री मोदीले वैश्विक तनावको बेला, भारत र कोरियाले मिलेर शान्ति र स्थिरताको सन्देश दिइरहेको बताउनुभयो। उहाँले साझा प्रयासहरूमार्फत, दुवै देशले शान्तिपूर्ण, प्रगतिशील र समावेशी हिन्द-प्रशान्त क्षेत्रमा योगदान गरिरहेको र दुवै देशले अर्को दशकको सफलताको जग बसालिरहेको पनि बताउनुभयो। त्यसैगरी, दक्षिण कोरियाली राष्ट्रपति ली जे-म्युङले भारत वैश्विक दक्षिणमा एक अग्रणी देशका रूपमा उभिएको र दुई देशले रक्षा, एआई र जहाज निर्माणको क्षेत्रमा सहयोग विस्तार गर्ने बताउनुभयो।

Goyal-In-Kor Trade

आज वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले नयाँ दिल्लीमा भारत-कोरिया व्यापार मञ्चको उद्घाटन सत्रलाई सम्बोधन गर्दै, भारत र कोरियाबीचको द्विपक्षीय व्यापार हाल २७ अर्ब डलर रहेको र दुई देशले आगामी चार वर्षमा यसलाई दोब्बर बनाउने लक्ष्य राखेको बताउनुभयो। उहाँले दुई देशले प्रमुख गैर-भन्सार अवरोधहरू हटाएर, व्यापार प्रक्रियालाई सरल बनाई थप सन्तुलित आर्थिक सम्बन्धका लागि अवसरहरू सिर्जना गरी आफ्नो व्यापक आर्थिक साझेदारीलाई सुधार्ने सहमत भएको जानकारी दिनुभयो।

WB Election:

पश्चिम बंगाल विधानसभा चुनावको पहिलो चरणको प्रचार अभियान समाप्त हुन दुई दिन मात्र बाँकी छन्। राज्यका विभिन्न राजनीतिक दलका प्रमुख नेताहरूले मतदाताहरूलाई आकर्षित गर्न अन्तिम प्रयास गरिरहेका छन्। यसबीच निर्वाचन आयोगले पश्चिम बंगाल विधानसभा चुनावको पहिलो चरणका लागि १५२ निर्वाचन क्षेत्रमा २ हजार १९३ द्रुत प्रतिक्रिया टोलीहरू तैनाथ गर्ने घोषणा गरेको छ। यी टोलीहरूले अशान्तिको कुनै पनि घटनामा तुरुन्तै प्रतिक्रिया दिनेछन्। संवेदनशील जिल्लाहरू, अशान्तिको जोखिममा रहेका क्षेत्रहरू र राज्यसँग सिमाना जोडिएका क्षेत्रहरूमा विशेष ध्यान दिइएको छ। यी टोलीहरू नियन्त्रण कक्षहरूसँग प्रत्यक्ष सम्पर्कमा रहनेछन् र कुनै पनि आपतकालीन अवस्थामा तुरुन्तै हस्तक्षेप गर्न सक्षम हुनेछन्।

SBI Report

भारतीय स्टेट बैंकको अनुसन्धान प्रतिवेदनअनुसार, भारतीय अर्थतन्त्र तेल सङ्कट र पश्चिम एसियाली द्वन्द्वको प्रभावलाई सामना गर्न राम्रो स्थितिमा छ। आर्थिक वर्ष २०२६-२७ का लागि GDP वृद्धि ६.८ देखि ७.१ प्रतिशतको बीचमा रहने अनुमान गरिएको छ। वर्तमान विश्वव्यापी अनिश्चितताबीच देश बलियो स्थितिमा छ, जसको वृद्धि दर अघिल्लो आर्थिक वर्षको तुलनामा ७.६ प्रतिशत छ। मुद्रास्फीति ४.५ प्रतिशत हुने अनुमान गरिएको छ, र वित्तीय घाटा ४.५ देखि ४.६ प्रतिशतबीच रहने अनुमान गरिएको छ। सम्भावित एल निनोले आर्थिक गतिविधिलाई असर गर्ने अपेक्षा गरिएको छ, तर बैंकिङ क्षेत्र स्थिर रहनेछ। रिपोर्टले पश्चिम एसियाली द्वन्द्वले निम्त्याएका चुनौतीहरूलाई पनि उल्लेख गरेको छ।

Japan Earthquake

उत्तरी जापानको तटमा ७.७ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको छ। अपराह्न ४:५३ बजे गएको भूकम्पको केन्द्रबिन्दु उत्तरी जापानको सानरिकु तटबाट १० किलोमिटर गहिराइमा रहेको थियो। जापान मौसम विज्ञान एजेन्सीले सुनामी चेतावनी जारी गरेको छ। जापानी अधिकारीहरूले भूकम्पको परिमाणलाई ७.४ रेक्टर स्केलबाट परिमार्जन गरी ७.७ बनाएका छन्। इवाते प्रान्तको कुजी बन्दरगाहमा लगभग २.६ फिट अग्लो र प्रान्तको अर्को बन्दरगाहमा १.३ फिट अग्लो सुनामी आएको रेकर्ड गरिएको छ। विभागले बासिन्दाहरूलाई तटबाट टाढा वा नदीहरूको किनारमा अग्लो जमिनमा सर्न आग्रह गरेको छ। राष्ट्रिय प्रसारक NHK द्वारा प्रसारित फुटेजमा इवातेका धेरै बन्दरगाह वरिपरि कुनै ठूलो क्षति तुरुन्तै देखिएको छैन।

Summer Train

रेलवेले तीन महिनामा देशभरि १८ हजार २६२ ग्रीष्मकालीन विशेष यात्रा सञ्चालन गर्नेछ। यसद्वारा यात्रुहरूको बढ्दो माग पूरा गर्न र सहज यात्रा सुनिश्चित गर्न मद्दत पुग्नेछ। रेलवे मन्त्रालयले देशभरि ठूलो संख्यामा विशेष रेल सेवाहरू स्वीकृत गरेर गर्मी मौसममा यात्रुहरूका लागि सहज र आरामदायी यात्रा सुनिश्चित गर्न महत्त्वपूर्ण कदम चालिएको जानकारी दिएको छ। मन्त्रालयले यस वर्ष १५ अप्रेलदेखि १५ जुलाईसम्मको अवधिका लागि कुल ९०८ ग्रीष्मकालीन विशेष रेलहरू स्वीकृत भएको जानकारी दिएको छ, जसले बढ्दो यात्रा माग पूरा गर्न १८ हजार २६२ यात्रा सञ्चालन गर्नेछ।

IPL Cricket

आईपीएल क्रिकेटमा आज गुजरात टाइटन्सले अहमदाबादमा मुम्बई इन्डियन्सको सामना गर्नेछ। यो खेल साँझ ७:३० बजेदेखि सुरु भएको छ। यसअघि हिजो राति पंजाब किङ्सले लखनऊ सुपर जाइन्ट्सलाई ५४ रनले पराजित गरेको थियो। हिजो भएको अर्को खेलमा कोलकाता नाइट राइडर्सले राजस्थान रोयल्सलाई चार विकेटले पराजित गर्दै, आफ्नो पहिलो खेल जितेको छ। पंजाब किङ्स् पाँच जितसहित अङ्क तालिकाको शीर्ष स्थानमा छ भने लखनऊ सुपर जाइन्ट्स आठौँ स्थानमा छ।

**अन्त्यमा प्रमुख समाचार पुन: एक पटक**

- राष्ट्रपति भोलि ओडिशाको एकदिने भ्रमणमा रहनुहुने
- उपराष्ट्रपति सी.पी. राधाकृष्णनको श्रीलंकाको दुईदिने भ्रमण आज सम्पन्न
- आज नयाँ दिल्लीमा भारतीय प्रधानमन्त्री र दक्षिण कोरियाली राष्ट्रपतिबीच भेटवार्ता
- वाणिज्य तथा उद्योग मन्त्रीद्वारा भारत-कोरिया व्यापार मञ्चको उद्घाटन सत्रलाई सम्बोधन
- पश्चिम बंगाल विधानसभा चुनावको पहिलो चरणको प्रचार अभियान समाप्त हुन दुई दिन बाँकी, निर्वाचन आयोगद्वारा द्रुत प्रतिक्रिया टोलीहरू तैनाथ गर्ने घोषणा